**मेलम्ची नगरपालिका**

**नगर कार्यपालिका बैठक**

मिति : २०७७०२१८

**प्रस्तावहरु**

१. कोरोना महामारीको कारण उत्पन्न परिस्थितिमा वितरण गरिएको राहत तथा औषधि सम्वन्धमा ।

२. चालु आर्थिक वर्षको योजनाको सम्झौता र प्रगति सम्वन्धमा ।

३. Construction of Melamchi Municipality Office Road को म्याद थप गर्ने सम्बन्धमा । ( ठेक्का नं (MMNCB/2074/075)

४. आगामी आर्थिक वर्ष २०७७/७८ को योजना तर्जुमा कार्यतालिका स्वीकृत गर्ने ।

५. आर्थिक वर्ष २०७७/०७८ को करको दर निर्धारण गर्ने सम्बन्धमा ।

६. आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक आय वोलपत्र ठेक्का अनुमोदन गर्ने सम्बन्धमा ।

७. मेलम्ची न.पा वडा नं ४ मा सार्वजनिक शौचालय निर्माण गर्ने सम्वन्धमा ।

८. मेलम्ची नगरपालिका वडा नं २ र ८ को स्वास्थ्यचौकी निर्माण न.पा साझेदारी सम्बन्धमा ।

९. मेलम्ची भोताङ-सडक अन्तर्गत मेलम्ची-खाल्डे सडकखण्ड मर्मत सम्बन्धमा ।

**निर्णयहरु**

१. मेलम्ची नगरपालिकाले कोरोना महामारीको कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै विभिन्न चरणमा राहत तथा औषधि वितरण गरेकोमा हाल नगरपालिकामा व्यक्तिगत स्वास्थ्य सुरक्षा तथा सामाजिक दुरी कायम गर्दै विभिन्न योजनाहरु संचालन हुन लागेकाले श्रमिकहरुले काम गर्न सक्ने परिस्थिति उत्पन्न भएको हुँदा औषधि तथा राहत वितरण यहि मिति २०७७ साल जेठ २३ गते दिनको २ बजेसम्म मात्र गर्ने र सोभन्दा पछाडि आएका राहत तथा औषधिका बिलहरुको भुक्तानी नगर्ने ।

२. कामका लागि पारिश्रमिकमा आधारीत सामुदायीक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका चालु आर्थिक वर्षमा स्वीकृत सम्पुर्ण विकास योजना तथा कार्यक्रमहरु वाहेकका अन्य योजना तथा कार्यक्रमहरु यहि मिति २०७७ साल जेठ २० गतेभन्दा पछाडि सम्झौता नगर्ने ।

३. मेलम्ची नगरपालिकाको बोलपत्र सूचना नं (MMNCB/2074/075) को Construction of Melamchi Municipality Office Road को म्याद सकिएको र हिंउदमा चिसोको कारण तापक्रम कम हुने भएकाले कालोपत्रे गर्दा गुणस्तर व्यवस्थापन गर्नमा कठिनाई हुने भएको भनी मिति २०७६ साल फागुन ११ गतेको नगर कार्यपालिकाको बैठकबाट चैत्र मसान्तसम्म म्याद थपिएकोमा नेपाल सरकारले २०७६ साल चैत्र ११ गतेबाट कोभिड-१९ को कारण लकडाउन घोषण गरेकोले काम प्रभाभित भई सम्पन्न गर्न नसकेको भनी निर्माण व्यवसायी श्री सुवास श्रेष्ठ (श्री घिसिङ-सिवदेव J/V) ले यस नगरपालिकामा निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (दशौ संशोधन) को नियम १२० को उपनियम (६) को प्रतिवन्धात्मक वाक्याम्स बमोजिम मिति २०७७ साल आषाढ मसान्तसम्म म्याद थप गर्ने ।

४. आगामी आर्थिक वर्ष २०७७।७८ को बजेट, नीति, योजना कार्यक्रम तर्जुमा कार्यतालिका स्वीकृत गर्ने ।

| क्र.सं | कार्यक्रम | समिति/शाखा | मिति |
|---|---|---|---|
| १ | राजश्व परामर्श समितिबाट प्रतिवेदन पेश गर्ने | राजश्व परामर्श समिति | २०७७।०२।२६ |
| २ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्ने | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०७७।०२।२७ |
| ३ | टोल वस्तिबाट योजना छनौट गर्ने | वडा कार्यालय | २०७७।०२।३२ |
| ४ | टोल/बस्तीवाट योजनाको प्राथामिकिकरण गरी नगरपालिकामा पठाउने | वडा कार्यालय | २०७७।०३।०२ |
| ५ | आयको प्रक्षेपण, वितरणको खाका र बजेट तथा कार्यक्रम तर्जुमा | बजेट तथा कार्यक्रम तर्जुमा समिति | २०७७।०३।०४ |
| ६ | प्राप्त योजना तथा कार्यक्रमहरुको छलफल र नीति तथा कार्यक्रममाथी छलफल | विषयगत समितिहरुको बैठक | २०७७।०३।०५ |
| ७ | नीति कार्यक्रम, योजना तथा बजेट कार्यपालिकाबाट स्वीकृत गरी नगरसभामा पेश गर्ने | नगर कार्यपालिका बैठक | २०७७।०३।०७ |
| ८ | नगर सभाबाट वजेट, नीति, योजना तथा कार्यक्रम पेश/पारित गर्ने | नगर सभा | २०७७।०३।०९ |

५. आर्थिक वर्ष २०७७/०७८ को करको दर निर्धाराण गर्ने गरी राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई प्राप्त मेलम्ची नगरपाकिको आर्थिक ऐन, २०७७ को मस्यौदा पारित गरी स्वीकृतिको लागि आगामी नगर सभामा पेश गर्ने ।

६. आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक आय वोलपत्र नं (MMSI/2077-78/01) बमोजिम मिति २०७७ साल जेठ ११ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको बोलपत्र अनुमोदन गर्ने ।

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/११

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को देहाय (६) मा भएको व्यवस्था, मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा यस कार्यालयको निर्णयानुसार देहायका शीर्षकमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७७/७८ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७७/७८ को लागि निर्धारण गरिएको विक्री परिमाण (घ.फि. ) | आ.व. २०७७/७८ को लागि निर्धारण गरिएको ढुंगा, | कूल न्यूनतम अङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गिटी, बालुवा, स्लेट, रोडा विक्री दर (प्रति घन फिट) रु. | | | |
| MMSI/2077-78/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | २२२२५००० (दुई करोड बाइस लाख पच्चिस हजार ) | ९ | २०,००,२५,०००।- (बीस करोड पच्चिस हजार मात्र) | १०,०००।- | कूल कबोल अङ्को ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्का नं. MMSI/2077-78/01 को बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि २०७७ श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्म रहनेछ। विशेष कारणबस अमानतबाट आन्तरिक आय संकलन गर्नुपर्ने अवस्था भएमा ठेक्का सम्झौताको मिति भन्दा अगाडि संकलन भएको रकम घटाई कूल ठेक्का अंङ्को बाँकी रकम र बाँकी अवधिको लागि ठेक्का सम्झौता गरिनेछ। ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। साथै IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्को मूल्य अभिवृद्धि कर राजस्व ठेक्का लिने फर्मले न.पा.लाई बुझाउँने प्रत्येक किस्ता रकम संगै मेलम्ची नगरपालिका मार्फत आन्तरिक राजस्व कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको एकमुष्ठ रकम सम्झौता मितिमा बुझाएमा कूल कबोल रकमको ५ प्रतिशत छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको ने.बैं.लि., मेलम्ची शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
८. ठेक्कामा कुनै विवाद भएमा मेलम्ची नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा E- Bidding मार्फत बोलपत्र बुझाउनु पर्नेछ। साथै उक्त सूचना मेलम्ची नगरपालिकाको वेभ साइट www.melamchimun.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेभसाइट http://www.bolpatra.gov.np बाट E-Bidding मार्फत पेश गर्नु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे मेलम्ची नगरपालिकाको कार्यालयमा खोलिनेछ ।
१०.बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।
१२. बोलपत्र फाराम भर्दा बोलपत्रदाताले मू.अ.कर बाहेक वा मू.अ.कर सहितको अंक स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्नेछ ।
१३. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैनन् ।
१४. अन्य कुराहरु यस कार्यालयको वेभसाइटमा राखिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. माथि शर्त नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधि सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलानं पूर्जि दिइनेछ ।
२. आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०७७ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०७८ अषाढ १५ गतेसम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले मेलम्ची न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
४. माथि अन्य शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नुपर्नेछ ।
५. ठेकेदारले उठाउने कर शुल्क नगरपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्वन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
६. मेलम्ची न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।
७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।
८. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।
१०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।
११. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
१२. मेलम्ची नगरपालिका भित्रका नदी, नालावाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पूलको तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।
१३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।
१४.यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।
१५.बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१६. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी मेलम्ची नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ।
१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।
१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
१९. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ।
२०.अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**७. मेलम्ची नगरपालिका वडा नं ४, थानकुनेमा नगर सभाबाट स्वीकृत रु १५,००,०००/- (अक्षरपी पन्ध्र लाख रुपयाँ) मध्ये लागत अनुमानको आधारमा उक्त स्थानमा १ (एक) सार्वजनिक शौचालय निर्माण गर्ने।**

**८. मेलम्ची नगरपालिका वडा नं २ तथा वडा नं ८ को स्वास्थ्यचौकीको घेरावाल तथा पर्खाल निर्माण गर्नको लागि नगर सभाबाट विनियोजित रु २०,००,००० लाख मध्य तपसिल बमोजिम हुने गरी विनियोजन गर्ने।**

| क.सं | योजनाको नाम | स्वीकृत रकम | श्रोत |
|---|---|---|---|
| १ | वडा नं २ को स्वास्थ्यचौकी निर्माण | रु १०,००,०००/- | आन्तरिक |
| २ | वडा नं ८ को स्वास्थ्यचौकी निर्माण | रु १०,००,०००/- | आन्तरिक |

**९. मेलम्ची नगरपालिका वडा नं ९ र १०, मा रहेको मेलम्ची-भोताङ सडक अन्तर्गत मेलम्ची-खाल्दे सडकखण्ड वर्षातको कारण खाल्डाखुल्डी परेको र सवारी साधन आवतजावत गर्न कठिनाइ भएकाले उक्त सडकखण्ड मर्मतको लागि मर्मत सम्भार कोषमा रेहेको रु ४३,६५,२१६.७१ (अक्षरपी त्रिचालिस लाख पैंसट्ठी हजार दुईसय सोह्र रुपयाँ एकहत्तर पैसा) मध्ये रु १०,००,०००/- (अक्षरपी दश लाख रुपयाँ) विनियोजन गर्ने।**

२०७७/२/२०